# पाँचौं वार्षिक प्रतिवेदन

# २०६४/२०६५

## राष्ट्रिय सहकारी बैंक लि.

## NATIONAL COOPERATIVE BANK LTD.


पो.ब.नं. ८९७५,इपीसी २७११

बानेश्वर, काठमाडौं

फोन : ४४६११९०७, २११०१३७ फ्याक्स : ४४६५८०५

E:mail : coopbank@wlink.com.np, info@coopbank.com.np

website : www.coopbank.com.np

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## सल्लाहकार


श्री केशव बडाल


श्री दीपकप्रकाश बाँस्कोटा


डा.श्रीहरिकृष्ण उपाध्याय


डा.श्री युवराज खनिवडा


श्री विष्णु बहादुर के. सी.


प्रा.डा. विश्वम्भर प्याकुरेल

## अध्यक्ष


श्री राजेशहरि जोशी
(प्रतिनिधि- मकवानपुर ब. तथा ऋ.स.सं. लि., हेटौंडा)

## प्रबन्धक सञ्चालक


श्री के. बी. उप्रेती
(प्रतिनिधि- जनता कोअपरेटिभ लि., काठमाडौं)

## लेखा समिति संयोजक


श्री ओमप्रकाश शर्मा
(प्रतिनिधि- कृष्ण ब. तथा ऋ.स.स. लि.,बर्दिया)

## सञ्चालकहरु


श्री गोविन्द बहादुर मल्ल
(प्रतिनिधि - बलबले ब. तथा ऋ.स.स.लि., सुर्खेत)


श्री रमेशप्रसाद पोखरेल
प्रतिनिधि - स्टार ब. ब. तथा ऋ.स.स.लि., बिराटनगर


श्री राममान श्रेष्ठ
प्रतिनिधि - समकुस ब. तथा ऋ.स.स.लि. काठमाडौं


श्री नमराज सापकोटा
(प्रतिनिधि - स्नैप ब. तथा ऋ.स.स.लि., काठमाडौं)


श्री भागवत श्रेष्ठ
प्रतिनिधि - मिलन ब. स.स.लि., काठमाडौं


श्री विदुर चालिसे
प्रतिनिधि - स्वपा स्वास्थ्य सेवा स.स.लि. काठमाडौं


श्री डिल्लीराम तिवारी
(प्रतिनिधि - राष्ट्रिय सहकारी संघ लि. काठमाडौं)


श्री सिताराम तिम्लसिना
रजिष्ट्रार- सहकारी विभाग, काठमाडौं


श्री रबि किरण ढकाल
प्रतिनिधि सञ्चालक
शुभश्री कोअप लि. काठमाडौं

## लेखा समिति सदस्य


श्री कुलचन्द्र अधिकारी
(प्रतिनिधि- जिल्ला सहकारी संघ लि.-काभ्रे)


श्री गणेशप्रसाद बस्नेत
(प्रतिनिधि- जिल्ला सहकारी संघ लि.-झापा)

## कानुनी सल्लाहकार


श्री माधव वासकोटा

द.नं. ०१/५९/(सहकारी बैंक)

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
# NATIONAL CO-OPERATIVE BANK LIMITED

च.नं. ५७-०६५/६६

मिति :२०६५/८/१३

श्री ............................................... सहकारी संघ/संस्था लि.
................................................................ ।

विषय :- वार्षिक साधारणसभामा भाग लिन आउने बारे ।

यस बैंकको संचालक समितिको मिति २०६५/८/१३ गतेको निर्णयानुसार पाँचौं वार्षिक साधारणसभा उल्लेखित विषयहरु उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा उक्त सभामा भाग लिन त्यस संघ संस्थाको तर्फबाट एक जना प्रतिनिधि पठाई दिनु हुन हार्दिक अनुरोध गर्दछु । भाग लिन आउने प्रतिनिधिले त्यस संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र र आफ्नो परिचय खुल्ने परिचयपत्र अनिवार्य रूपले लिएर आउनु पर्नेछ ।

साधारणसभाका विषयहरू :-

१) संचालक समितिको तर्फबाट बैंकका अध्यक्षज्यूबाट प्रस्तुत प्रतिवेदन,
२) बैंकका प्रबन्ध संचालकबाट प्रस्तुत प्रगति प्रतिवेदन,
३) आ.ब. ०६४/६५ को प्रस्तुत लेखापरीक्षण प्रतिवेदन,
४) लेखा समितिको प्रस्तुत प्रतिवेदन,
५) आ.ब. ०६५/६६ को प्रस्तुत प्रस्तावित बजेट तथा कार्यक्रम,
६) प्रस्तावित लाभांश वितरणको अनुमोदन,
७) आ.ब. ०६५/६६ को लागि लेखा परीक्षकको नियूक्ती तथा निजको पारिश्रमिक,
८) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न २ जना प्रतिनिधि तोक्ने,
९) संचालक समिति तथा लेखा समिति सदस्य पदको लागि निर्वाचन,
१०) विविध ।

मिति : २०६५ साल पौष २०गते आईतवार र २१ गते, सोमवार ।
समय : विहान ८:०० बजे ।
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाण्डौ ।

साधारणसभासम्बन्धी अन्य आवश्यक जानकारीहरू :

१) एक व्यक्तिले एक संघ/संस्थाको मात्र प्रतिनिधि हुन पाईनेछ ।
३) साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरुको यातायात तथा आतेजाते खर्च सम्बन्धित संघ संस्था आफैले व्यवस्था गर्नु पर्नेछ ।

(के. बी. उप्रेती)
प्रबन्ध संचालक

Baneshwor, Kathmandu, Nepal. Tel: 977-1-4461907, 2110137, Fax: 00977-1-4465805, E-mail: info@coopbank.com.np, Website: www.coopbank.com.np

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका
## शाखा तथा उपशाखा कार्यालयहरु

| क्र. सं. | शाखा/उपशाखा कार्यालयको नाम | ठेगाना | फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| क | **शाखा कार्यालय** | | | |
| १ | राष्ट्रिय सहकारी बैंक लि., शाखा कार्यालय विराटनगर | विराटनगर, मोरङ्ग | ०२१-५२३८९८ | ०२१-५३८१५३ |
| २ | राष्ट्रिय सहकारी बैंक लि., शाखा कार्यालय बागलुङ | गोदामचोक, बागलुङ | ०६८-५२२५२९ | ०६८-५२२५२९ |
| ख | **उपशाखा कार्यालयहरू :** | | | |
| १ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, झापा | भद्रपुर, झापा | ०२३-४५५११७ | ०२३-४५५११७ |
| २ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, हेटौंडा मकवानपुर | हेटौंडा, मकवानपुर | ०५७-५२०६१४ | ०५७-५२५४०४ |
| ३ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, सुर्खेत | बीरेन्द्रनगर-३, कालागाउँ, सुर्खेत | ०८३-५२१५६२ | ०८३-५२३८७५ |
| ४ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, इटहरी, सुनसरी | इटहरी, सुनसरी | ०२५-५८५८१२ | ०२५-५८५८१२ |
| ५ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, पोखरा, कास्की | पोखरा उमनपा-११, कास्की | ०६१-५३८८३३ | ०६१-५३७८३३ |
| ६ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, झापा | वालिङ, स्याङ्जा | ०६३-४४०२३८ | ०६३-४४०२२९ |
| ७ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, नुवाकोट | विदुर, नुवाकोट | ०१०-५६०००९ | ०१०-५६०००९ |
| ८ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, दाङ | घोराही, दाङ | ०८२-५६०९३६ | ०८२-५६१७५१ |

# सञ्चालक समितिका तर्फबाट राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष राजेशहरी जोशीद्धारा प्रस्तुत प्रतिवेदन – २०६५

राष्ट्रिय सहकारी बैंक लिमिटेडको पाँचौं वार्षिक साधारणसभामा अत्यन्त व्यस्तताका बावजुद पनि बैंकको निमन्त्रणालाई स्वीकार गरी यस संस्थालाई सम्मानित तथा गरिमामय बनाउन पाल्नुहुने आदरणीय प्रमुख अतिथिज्यू, सल्लाहकारज्यूहरु, बिशिष्ठ अतिथिज्यू, अतिथिज्यूहरु, मेचीदेखि महाकालीसम्मका विभिन्न सहकारी संघ संस्थाहरुबाट पाल्नुभएका यस बैंकका शेयर सदस्य प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरु, सभामा उपस्थित सम्पूर्ण महानुभाव तथा पत्रकार बन्धुहरुमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिवादनका साथै हार्दिक स्वागत गर्दछौं ।

**आदरणीय प्रतिनिधिज्यूहरु,**

मुलुकमा सहकारी बैंकको विगतको इतिहासलाई पुनरावृत गर्ने हो भने तत्कालिन सरकारले सहकारी संघ/संस्थालाई प्राथमिकता दिई यस्ता संघ संस्थामार्फत आर्थिक समृद्धि हासिल गर्न वित्तीय श्रोत प्रदान गर्न बि.सं. २०२० मा सहकारी बैंकको स्थापना गरेको थियो । सहकारी संघ संस्थाहरुको संख्या अत्यन्त न्यून हुनु, शिक्षाको कमीले गर्दा सहकारीको सिद्धान्तलाई पूर्ण रुपमा आत्मसात गर्न नसक्नु र सहकारी बैंकलाई कार्य क्षेत्रसमेत अपुग हुन गएपछि कारोवारमा कमि हुन गई बैंकले अपेक्षाकृत गति लिननसकेको ठहर गरी बि.स. २०२४ सालमा सहकारी संघ संस्थालाई समेत सहयोग पुऱ्याउने गरी कृषि विकास बैंकमा परिणत गरियो । यसरी मुलुकमा स्थापित पहिलो र एक मात्र सहकारी बैंक सहकारी क्षेत्रबाट टाढिन गई कृषि बिकास बैंकमा रुपान्तर हुन गएको तितो अनुभव हामी सहकारीकर्मीहरुको मानसपटलमा अझै आलो घाउको रुपमा रहेको छ । यसरी सहकारी क्षेत्रमा समर्पित रही सहकारी मूल्य र मान्यतालाई आत्मसात गरी कार्य गर्ने छुट्टै सहकारी बैंक आउन मुलुकले अरु थप ३६ बसन्त प्रतिक्षा गर्नुपरेको स्मरण गराउन चाहन्छौं ।

२०४६ को प्रथम जनआन्दोलनले मुलुकमा प्रजातन्त्रको आगमनपछि ८३० को संख्यामा रहेका सहकारी संघ/संस्थाहरु समेतलाई नयाँ कानुनको दायरामा ल्याई सहकारी आन्दोलनलाई गति प्रदान गर्न सहकारीसम्बन्धी सम्पूर्ण पुराना अमूर्त तथा अव्यवहारिक कानुनलाई खारेज गरी अन्तर्राष्ट्रिय सहकारीका मूल्य मान्यता सिद्धान्त अनुरुप सहकारी ऐन, २०४८ तथा सहकारी नियमावली २०४९ जारी गरियो । नयाँ सहकारी ऐनको आगमनपछि यसको आदर्शताको आकर्षण र समुदायप्रतिको उत्तरदायित्वले गर्दा यस क्षेत्रमा प्रवेश गर्न चाहनेहरुको संख्यामा उल्लेखनीय बृद्धि भई मुलुकमा सहकारी संघ संस्थाहरुको स्थापनामा तिब्रता आएको थियो । आ.ब. २०५५ ५६ तिर आई पुग्दा करिव ७ हजारको हाराहारीमा सहकारी संघ संस्थाहरुको स्थापना भएपछि राष्ट्रियस्तरमा एउटा सहकारी बैंकको स्थापना गर्न सहकारी आन्दोलनका तर्फबाट राष्ट्रिय सहकारी सघको अगुवाईमा सहकारी ऐन, २०४८ लाई २०५७ मा पहिलो संशोधन गरी धारा २६ मा उपधारा ४, ५ र ६ थप गरी सहकारी बैंक स्थापनाका लागि मार्ग प्रसस्त गरियो । तत्पश्चात तत्कालिन सरकारले आ.व. २०५७ ५८ को बजेटमा रु. एक करोड रकम विनियोजन गरी सहकारी बैंक स्थापनाको प्रारम्भ गरेको थियो । नेपाल राष्ट्र बैंकको सहमतिमा २०६० साल आषाढ २५ गते यस बैंकको स्थापना भई २०६१ श्रावण १९ गतेदेखि विधिवत् कारोबारको प्रारम्भ भएको कुरा स्मरण गराउदै यस बैंकको स्थापनार्थ गठित बिभिन्न कार्यदलहरु, कार्यदलका पदाधिकारीज्यूहरु र राष्ट्रिय सहकारी संघलाई यस अतुलनिय कार्यको लागि धन्यबाद दिन चाहन्छु ।

**आदरणीय प्रतिनिधि साथीहरु,**

अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई आत्मसात गर्दै २०४८ पछि संचालित सहकारी अभियानले नेपालको सामाजिक, आर्थिक जनजीवनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । विभिन्न भौगोलिक क्षेत्रमा रहेको पूंजीलाई एकीकृत गरी उत्पादनशील कार्यमा लगानी गरी मुलुकको समग्र विकासको लागि एक अभियन्ताको स्वरुप प्रस्तुत भएको धेरै उदाहरणहरु तथ्याङ्कहरु उपलब्ध रहेका छन् । सम्बृद्ध नेपालको निर्माणमा सहकारी अभियान कोसेढुङ्गा नै सावित हुनेछ भन्ने कुरामा हामी विश्वसत छौं । अन्तरिम संविधानमा राष्ट्र निर्माणका ३ आधार स्तम्भमध्ये एक स्तम्भ सहकारी आर्थिक प्रणालीलाई स्वीकार गरिएको, अन्तरिम योजनामा छुट्टै परिच्छेद सहकारीसम्बन्धी र बजेट बक्तव्यमा सहकारीसम्बन्धी उल्लेख भएका बुँदाहरुमा सरकारका तर्फबाट क्रमशः कार्यन्वयन हुने कुरामा हामी विश्वस्त छौं र सकारात्मक सहयोगका निमित्त समेत तयार रहेका छौं । वर्तमान समयमा समग्र वित्तीय क्षेत्रमा सहकारीको ७ प्रतिशतभन्दा बढी र ग्रामिण क्षेत्रको वित्तीय कारोवारमा १७ प्रतिशतभन्दा बढी योगदान रहेको छ । देशको कुल ग्राहस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदानमा क्रमिक रुपमा बृद्धि हुदैं गएको छ । देश भरी सहकारी क्षेत्रले ५० अर्बभन्दा बढी पूंजी परिचालन गर्न सफल भएका छन् । सहकारी मार्फत नयाँ तथा समृद्ध राष्ट्र निमार्णमा हाम्रो अंशियार हुने अधिकारलाई सुरक्षित राख्न चाहन्छौं, हामी प्रतिबद्धता ब्यक्त गर्न चाहन्छौं ।

**आदरणीय प्रतिनिधि मित्रहरु,**
सहकारी बैंक सहकारी क्षेत्रको वित्तीय अविभावकको रुपमा स्थापना भएकोले यस बैंकले वित्तीय सहयोगका अलावा समग्र सहकारी क्षेत्रमा देखिएका विभिन्न नीतिगत समस्याहरुको समाधान गर्दै आएको यथार्थतालाई स्मरण गराउन चाहन्छु । यसै सन्दर्भमा सहकारी संघ संस्थामा लगाईदै आएको असान्दर्भिक आयकरको व्यवस्था, स्थायी लेखा नम्बर ( PAN) लिदा पुरानो कर भुक्तानी गर्नुपर्ने प्रावधान, धितोबन्धक रजिष्ट्रेशन शुल्क, निक्षेप ब्याजकर, कर्जा जोखिम व्यवस्था, भन्सार महशुल छुट सम्बन्धमा विशेष व्यवस्था गर्न अर्थ मन्त्रालय र आन्तरिक राजश्व कार्यालय समक्ष यस बैंक समेतको विशेष पहलमा पटक पटक गरिएको सम्बाद र दबावका कारण आ.ब. ०६३/६४ भन्दा अगाडीको सम्पूर्ण आयकर तथा अग्रिम कर मिनाहा गरिएको, सहकारीले पास गर्ने धितो बन्धकमा रजिष्ट्रेशन शुल्क पूर्ण रुपमा छुट गरिएको तथा सहकारी संघ संस्थाले प्रयोग गर्ने मेसिनरी सामानहरुको आयातमा भन्सार शुल्क छुट गर्न सक्ने गरी आर्थिक ऐन २०६५ मा व्यवस्था गरिएको कुरा निवेदन गर्न चाहन्छौं ।

साथै, सहकारी क्षेत्रलाई कर मुक्त क्षेत्रको रुपमा घोषणा गरिनुपर्ने, ग्रामिण क्षेत्रमा प्रदान गरिएको १० हजारसम्मको प्राप्त ब्याजको ब्याजकर छुटको व्यवस्थालाई शहरी क्षेत्रमा समेत लागु गरिनु पर्ने, सहकारी संघ संस्थामा निक्षेप राख्दा लिइने निक्षेप करलाई खारेज गरी बैंक वित्तीय संस्था सरहको सुविधा प्राप्त गर्ने र कर्जा जोखिम कोषमा छुटाएको रकममा आयकर नलाग्ने व्यवस्था कायम गर्ने विषयमा हामी निरन्तर प्रयासरत छौं ।

**आदरणीय प्रतिनिधि मित्रहरु,**
सहकारी बैंकलाई सदस्य संघ संस्थाको वित्तीय आवश्यकता पूर्ति गर्न सक्षम बैंकको रुपमा स्थापित गर्ने हाम्रो प्रयास रहँदा रहदै पनि निम्न बमोजिमका चुनौतीहरुका कारण आशातित सफलता प्राप्त हुन सकेन ।

- सहकारी बैंकलाई विशेष बैंकको रुपमा परिमार्जित गर्न सरकारका तर्फबाट नीतिगत अस्पस्टता तथा सहकारी बैंक ऐनको निर्माण हुन नसक्नु ।
- सरकारबाट आवश्यक शेयर पुंजी प्राप्त नहुनु ।
- राष्ट्र बैंकबाट वाणिज्य बैंक सरहको पूंजीगत सीमाको प्रावधान कायम गरिनु ।
- सरकारका प्राथमिक प्राप्त क्षेत्र तथा गरिबी निवारणका लागि विनियोजित गरिएको विभिन्न कोषहरु सहकारी बैंकबाट परिचालन गर्ने गरी सरकारबाट अनुमति प्राप्त नहुनु ।
- संस्थागत निक्षेप प्राप्त गर्नसक्ने, सदस्य संघ संस्थाका सदस्यहरुबाट निक्षेप स्वीकार गर्न पाउने तथा अन्य बैंकिङ्ग कार्य गर्न सक्ने गरी चौथो वार्षिक साधारणसभाबाट शंसोधन गरिएको बैंकको विनियम सहकारी विभागबाट अस्वीकृत हुनु ।
- शाखा उपशाखा तथा प्रतिनिधि संस्था कार्यालय स्थापना गर्न सहकारी विभागबाट समयमा स्वीकृत प्राप्त नहुनु ।

यसरी आइपरेका बिभिन्न चुनौतीहरुका बावजुद पनि प्राप्त श्रोत साधनको अधिकतम् प्रयोग गरी बैंकले आफ्नो निर्दिष्ट उद्देश्यका साथ प्रगतीको अग्रगामी दिशातिर अग्रसर भएको कारण सहकारी संघ संस्थाहरुमा देखापरेका आर्थिक समस्याको केही हदसम्म समाधान गर्न सफल भएको कुरा म यहाँहरु समक्ष स्मरण गराउन चाहन्छु । सहकारी संघ संस्थाहरुको आवश्यकता अनुरुप, वित्तीय अविभावकको रुपमा स्थापित भई सम्पूर्ण सदस्यज्यूहरुको आर्थिक तथा सामाजिक समुन्नतिमा अग्रसर भई यस बैंकलाई एक पूर्ण बैंकको रुपमा परिचित गराउनु हाम्रो अन्तिम गन्तब्य हो र यस कार्यका लागि हामी अग्रगामी सोचका साथ अगाडी बढिरहेका पनि छौं । विविध चुनौतीहरु हुँदाहुदै पनि बैंकले २०६५ आषाढ मसान्त सम्ममा ५७ जिल्लाका १४४० सहकारी संघ संस्थालाई आवद्ध गराई शेयर पूंजी ६ करोड १५ लाख, निक्षेप ३० करोड ७१ लाख कर्जा २७ करोड ५६ लाख, कुल आम्दानी २ करोड २९ लाख आर्जन गरी सम्पूर्ण खर्च कटाई कर अघिको नाफा ६३ लाख प्राप्त गर्न सफल भएको छ । बैंकले आ.ब. ०६३/६४ मा ४ प्रतिशत लाभांश वितरण गरेको आ.ब. ०६४/६५ मा ६ प्रतिशत लाभाश वितरण गर्नको लागि प्रस्ताव पेश गर्दछौं साथै यस वर्ष कम्तिमा ९ प्रतिशत लाभांश वितरण गर्न बैंक प्रतिवद्ध रहेको अनुरोध गर्दछौं । गत साधारण सभाबाट २५ स्थानमा शाखा, उपशाखा खोल्ने निर्णय गरिएको भएता पनि विभागीय स्विकृतीको अभावका कारण पूर्णता दिन सकिएन तर उक्त कार्यलाई यस वर्ष पूर्णता दिने व्यहोरा अनुरोध गर्दछौं ।

**आदरणीय मित्रहरु,**
यस बैंकले अवलम्बन गर्दै आएका बैंकसंग सम्बन्धित तथा सहकारी क्षेत्रमा अझ समयानुकुल सुधार गर्दै प्रभावकारितामा बृद्धि गर्दै आवश्यक पुर्वाधार निर्माण गर्न निम्न बमोजिम कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छौं ।

- नेपाल सरकारसंग समन्वय गरी सहकारी आन्दोलनका बैंक तथा केन्द्रीय निकायहरुको कार्यालय प्रयोजनका लागि सहकारी भवन निर्माण गर्ने तर्फ आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।
- नेपाल सरकारले सहकारी संघ/संस्था गठन, प्रवर्धन तथा सुधारका लागि बजेटमा विनियोजन गरिएको रकम सहकारी बैंकमार्फत निकासा गर्ने तर्फ प्रयास गरिरहेको र यसलाई कार्यान्वयन गर्न विशेष पहल गरिनेछ ।
- निक्षेपको आधारमा ब्याजदर निर्धारण गर्ने नीतिलाई यस बर्ष पनि निरन्तरता दिइएको छ ।
- बैंकको कुल निक्षेपको मुख्य अंश बचतमा जम्मा रहेकोले अत्याधिक मात्रामा तरलता कायम राख्नुपर्ने हाम्रो बाध्यता रहेको छ । शेयर सदस्य महानुभावहरुमा बैंकले निर्धारण गरेको मुद्धती तथा नियमित बचत खातामा रकम जम्मा गरेर सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।
- मुलुकको आधा आकाश ढाकेका महिलाहरुद्धारा संचालित तथा कृषकहरुद्धारा स्थापित गरी उक्त नामबाट संचालन भएका महिला र कृषि सहकारी संघ/संस्थाहरुलाई प्रदान हुने रू.२ लाखसम्मको कर्जाको ब्याजदरमा ०.५ प्रतिशत कम गर्ने व्यवस्थालाई यस बर्ष पनि निरन्तरता दिएका छौं । यस कार्यक्रममा सहभागी भई सो सहुलियत प्राप्त गर्न बिनम्रता पूर्वक अनुरोध गर्दछौं ।
- यस बर्ष पनि बैंकका सदस्यहरुको मनोबल उच्च पार्न, बैंकको आर्थिक कारोवारमा तिव्रता ल्याउन निक्षेप तथा कर्जा तर्फका उत्कृष्ट एक/एक सदस्यलाई पुरस्कृत गर्ने योजना कार्यान्वयन गरेका छौं । यस कार्यलाई आगामी वर्षमा शाखा तथा उपशाखा कार्यालय समेतमा विस्तार गरिनेछ ।
- बैंकमा कार्यरत कर्मचारीहरुलाई समयानुकूल दक्ष र प्रतिस्पर्धी बनाउदै लैजाने लक्ष्य अनुरुप विभिन्न प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालीमहरु लिने व्यवस्थाको साथै नेपाल सरकारको नीति अनुसारको तलब तथा अन्य सुविधाहरुमा बृद्धि गर्दै लगिने नीति कायमै गरिनेछ ।
- सहकारीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुमा सम्बन्धको विकाश र सहकार्य गर्दै सदस्यता प्राप्त गर्नको लागि पहल जारी राखिने छ ।
- बर्तमान बैंकहरुमा देखा परेको तिव्र प्रतिस्पर्धा अनुरुप कर्जा तथा निक्षेपमा लिने/दिने ब्याजदरलाई समय सापेक्ष परिवर्तन गर्दै लैजाने नीति अख्तियार गरिने छ ।
- राज्यले बिपन्न वर्गलाई लक्षित गरेर संचालन गर्ने सबै प्रकारका कोषहरु (ग्रामिण स्वाबलम्बन, वैदेशिक रोजगार, गरिवी निवारण आदि) सरकारको समेत सहयोग लिएर सहकारी बैंक मार्फत परिचालन गर्न पहल गरिने छ ।
- ग्रामिण क्षेत्रमा स्थापना भएका महिला तथा कृषकहरुद्धारा संचालन गरिएका सामुदायीक सहकारीहरुलाई सम्भाव्यता अध्ययनको आधारमा सबल छन् भन्ने विश्वास भएमा यस्ता सहकारीहरुको लागि छुट्टै मापदण्ड बनाई बिना धितो कर्जा लगानी गर्ने ब्यवस्था मिलाउने तर्फ आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।
- अन्तर सहकारी विल भुक्तानी तथा स्वदेशी Remittance र विदेशबाट प्राप्त हुने Remittance का लागि एजेन्सी लिने कार्य तथा सहकारी विमा सम्बन्धी कार्यलाई थप व्यवस्थित गरी अगाडि बढाइने छ ।
- राष्ट्रिय सहकारी बैंक ऐन निर्माणका लागि राष्ट्रिय सहकारी विकास वोर्डमा रू.१ लाख बिनियोजित भएको भएता पनि उक्त कार्य पूर्ण सम्पन्न हुन नसकेकोले यस वर्ष पूरा गर्न सरकार समक्ष अनुरोध गरिनेछ ।
- बैंकको कारोवारलाई देशव्यापी गर्नको लागि यस बैकले निर्धारण गरे बमोजिमको पूर्वाधार तयार भएका स्थानहरुमा शाखा तथा उप–शाखा कार्यालयहरुको स्थापनामा बिषेश जोड दिईने छ ।
- बैंकको चुक्ता पुंजी बृद्धीको लागि सर्म्पूण सहकारी संघ/संस्थाहरुलाई शेयर खरीद गर्न, थप शेयर खरिद गर्न र सरकारका तर्फबाट समेत शेयर थप गराउन प्रयास जारी राखीने छ । यसका लागि शेयर तथा निक्षेप बृद्धि कार्यक्रम लागु गरिसकिएको छ र यस कार्यक्रमलाई निरन्तरता दिइनेछ । शेयर तथा कारोवारलाई बृद्धि गर्न सहकारी आन्दोलनका पक्षहरु सँग अन्तक्रिया र छलफल गरी सरकार र नेपाल राष्ट्र बैंक सँग आवश्यक समन्वय गरिने छ ।
- कर्जा लगानी प्रकृयालाई थप चुस्त, दुरुस्त, पारदर्शी एवं सरल बनाइने छ । साथै राष्ट्र बैंकले तोके बमोजीमको चुक्ता पूंजी निमार्ण भईसकेपछि कर्जा लिदा अनिवार्य खरिद गर्नु पर्ने ५ प्रतिशत शेयर रकमलाई कम गर्दै लगिने छ ।
- बैंकका गतिविधिहरुलाई तिव्रता दिन सदस्य संघ/संस्थाहरुलाई उपयोगी हुने गरी पत्रिका प्रकाशन, शिक्षा तथा तालिम, पेशागत विकाश कार्यक्रम र आपसी सहयोग कार्यक्रम बैंकको वेभसाईट मार्फत सूचनाहरु आदान प्रदान लगाएतका कार्यक्रमहरुमा सम्बन्धीत पक्षहरु संगको सहयोग र सहकार्यमा अगाडी बढाईने छ ।

- बैंकको श्रोत र साधनले भ्याए सम्म प्राथमिकताको आधारमा बैकका संचालक समिति, लेखा समिति, अन्य उपसमितिका पदाधिकारी कर्मचारीहरु तथा सदस्य संस्थाका प्रतिनिधिलाई आवश्यक क्षमता विकास सम्बन्धी तालीम तथा अवलोकन भ्रमणको व्यबस्था मिलाईने कार्यलाई निरन्तर रुपमा अगाडी बढाईने छ ।

**आदरणीय प्रतिनिधि साथीहरु,**

बिशेष गरी अति विकसित मानिएका अमेरिका, जर्मन लगाएत युरोपियन मुलुकहरुमा देखा परेको आर्थिक मन्दीको प्रभाव विश्वमा फैलिदै गएको अवस्था र वर्तमान नेपालको बदलिदो राजनैतिक परिस्थिती नयाँ नेपालको निर्माण अर्थात संमृद्ध नेपालको परिकल्पना हाम्रा लागि पनि चुनौतीका बिषयहरु हुन । यस्ता असामान्य परिस्थितिहरुको सामना गर्दै राष्ट्रलाई आर्थिक दुर्घटनाबाट बचाउन अनि मूलुकसंग गासिएका आर्थिक समृद्धिका सपनाहरुलाई साकार पार्न समग्र सहकारी संघ/संस्थाहरु एकत्रित भई प्रयास गर्नुपर्ने आजको आवश्यकता तथा अपरिहार्यता देखिएको छ । लामो समयको अन्तरालपछि सहकारी क्षेत्रलाई हेर्ने सरकारी दृष्टिकोणमा केहि परिवर्तनहरु आएका छन् जसलाई आम सहकारी कर्मीहरुले सकारात्मक रुपमा लिनुपर्ने यस बैंकको मान्यता रहेको भए तापनि सरकारले उठान गरेका कार्यक्रमहरुको कार्यान्वयन पक्ष भने पर्ख र हेर को अवस्थामा रहेको छ । मुलुकको तीन वर्षीय अन्तरिम योजनामा सहकारी क्षेत्र पनि समाहित भएको १ बर्ष पूरा भएको र विस्तारै यस क्षेत्रमा देखापरेका सकारात्मक संकेतप्रति खुशी ब्यक्त गर्दै सहकारी क्षेत्र पनि राज्यको एक महत्वपूर्ण अंग हो भनि प्रमाणित भएको छ । साथै अन्तरिम योजनामा उल्लेख भए बमोजिम गरिबीको रेखा मुनी रहेको ३१ प्रतिशत जनसंख्यालाई २४ प्रतिशतमा ओराल्ने कार्यक्रमलाई हाम्रो पूर्ण समर्थन र सहयोग हुने प्रतिबद्धता ब्यक्त गर्न चाहन्छौं । बैंकको बिस्तृत आर्थिक अवस्था, वित्तीय तथ्याङ्कहरु र कार्यक्रमका लागि बजेट प्रबन्ध संचालकज्यूले प्रस्तुत गर्नु हुनेछ जसमाथि यस सभाले व्यापक छलफल गरी आवश्यक मार्ग निर्देशनसहित पारित गरिदिनु हुनेछ ।

लामो समयको अन्तरालपछि मुलुकमा नयाँ राजनैतिक नेतृत्वको सरकार निर्माण भएको छ । यो नयाँ सरकारको नयाँ परिवेस र नयाँ आर्थिक पाटोको रुपमा सहकारी क्षेत्रलाई विकास गर्दै समावेशी लोकतन्त्रभित्र सहकारी क्षेत्रलाई पनि सम्माहित गरी राज्य प्रणालीको पुनर्संरचनामा सहकारी क्षेत्रले पनि आफ्नो अहंम भूमिका निर्वाह गर्दै जाने अवसर प्राप्त गर्ने वातावरण सरकारले निर्माण गरेकोमा र मूलुकमा आर्थिक क्रान्तिको लागि सहकारी क्षेत्रको अपरिहार्यतालाई प्राथमिकता दिईएकोमा नयाँ सरकारलाई यस बैंकको तर्फबाट तथा समस्त सहकारीकर्मीहरुको तर्फबाट पनि हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछौं ।

विगत ५ वर्ष अगाडि हामी प्रति पूर्ण बिश्वास जनाई यस संचालक समितिलाई दिनु भएको चुनौतिपूर्ण जिम्मेवारी समाप्त भई आजैदेखि नयाँ संचालक समिति तथा लेखा समितिको निर्वाचनको प्रक्रिया अगाडि बढिसकेको छ । उक्त निर्वाचन कार्यमा सक्रिय सहभागीता जनाई उक्त निर्वाचन कार्यलाई सफल पार्न सबै मित्रहरुमा हार्दिक अनुरोध गर्दछौं । साथै ५ वर्षसम्म यस संचालक समितिलाई निरन्तर सहयोग र सदभाव व्यक्त गरी यस बैंकलाई सफलताको अग्रपंक्तिमा स्थापित गर्न योगदान दिनुभएकोमा सम्पूर्ण सदस्यज्यूहरु प्रति आभार व्यक्त गर्दछौं ।

**आदरणीय मित्रहरु,**

अन्तमा, राष्ट्रिय सहकारी बैंकको आर्थिक तथा सामाजिक गतिशीलतामा तिव्रता ल्याई सहकारी आन्दोलनको एउटा महत्वपूर्ण पाटोको रुपमा यस बैंकलाई विकास गराउने मान्यताका साथ अथक प्रयास र अमुल्य योगदान दिई यस बैंकलाई आजको यस अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी संघ, राष्ट्रिय सहकारी विकास वोर्ड, सहकारीका केन्द्रिय संघहरु, जिल्ला संघहरु, बैंकका सल्लाहकारज्यूहरु, यस बैंकका सदस्य सहकारी संघ/सस्थाहरु, सहकारीकर्मीमित्रहरु लगायत उपस्थित अतिथिज्यूहरु, पत्रकार साथीहरु तथा साधारणसभाको व्यवस्थापनमा अहोरात्र खट्नुभएका सहयोगी मित्रहरु विभिन्न समितिका सदस्यज्यूहरु र बैंकका संचालक तथा लेखा समितिका साथीहरु, विज्ञ लेखक, राज्यको चौथो अंगको रुपमा रहेको आदरणीय पत्रकारज्यूहरु, कर्मचारी वर्ग सबैमा पूनः आभार व्यक्त गर्दछु र यस बैंकलाई सहकारी क्षेत्रको पूर्ण बैंक वनाउने महान कार्यलाई निरन्तर रुपमा अगाडी बढाउनको लागि आ-आफ्नो क्षेत्रबाट थप योगदान प्राप्त हुने छ भनि अपेक्षा गर्दै उपस्थित महानुभावहरुमा स्वागत अभिवादन तथा धन्यवाद प्रकट गर्दछौं ।

**जय सहकारी**

मिति : २०६५ पौष २० गते, आईतवार
स्थान : नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी काठमाण्डौ ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रबन्ध संचालक के.बी. उप्रेतीद्धारा प्रस्तुत बजेट तथा प्रगती प्रतिवेदन – २०६५

बैंकको पाँचौ बार्षीक साधारण सभाका सभा अध्यक्षज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, बैंकका सल्लाहकारज्यूहरु, बैंकका सदस्य सहकारी संघ/संस्थाका प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरु, पत्रकार, लेखक, शुभचिन्तकज्यूहरु तथा सहकारी सेवामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरुमा राष्ट्रिय सहकारी बैंक तथा मेरो व्यक्तिगत तर्फबाट सहकारिताको न्यानो स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

**आदरणीय प्रतिनिधि साथीहरु,**

सहकारी क्षेत्रको आर्थिक गतिविधिहरुलाई सु–संचालन गर्ने मुख्य उदेश्यले सहकारी बैंकको परिकल्पना गरी सोही उदेश्य बमोजिम सरकार र सहकारी आन्दोलनको सहयोगमा यस बैंकको स्थापना भएको, सरकारले समेत आफ्नो कार्यक्रमको प्राथमिकतामा राखेको सहकारी क्षेत्रको एक मात्र बैंकको रुपमा परिचित यस बैंकले आफ्नो कार्यकालको पाँच बर्ष पुरा गर्न लागेको छ । यो पाँच बर्षको अवधिमा सहकारी आन्दोलनको ठूलो सहयोग र सद्भावना रहँदा रहँदै पनि सहकारीकर्मीहरुले सोचेको जस्तो सहकारी संघ/सस्थालाई सहयोग र उचित तवरले प्रवर्द्धन गरी बैंकलाई पूर्ण बैंकको रुपमा विकाश गर्ने हाम्रो महान लक्ष्यका केही कार्यहरु अझै बाँकी रहन गएका छन् । जुन बिषय अध्यक्षज्यूको प्रतिवेदन मार्फत अवगत भइसकेको छ ।

बिभिन्न समस्याका बावजुद पनि सम्पूर्ण सहकारीकर्मीहरुको सहयोग, सल्लाह र सुझावको आधारमा प्राप्त उपलब्धीहरुको सदुपयोग तथा थप नयाँ उपलब्धीका लागि आन्दोलन जारी राख्ने बैंकको रणनीति रहेकोले उपलब्ध सीमित श्रोत र साधनलाई अधिकतम परिचालन गरी कारोवारको पहिलो बर्षदेखि नै बैंक नाफामा संचालन भइरहेको र केही प्रतिशत भएपनि शेयर सदस्यहरुलाई लाभांश दिन सफल भएको छ । जसको कारण बैंकको शेयर खरीद गरी कारोवार गर्ने सदस्य सहकारी संघ/संस्थाहरुको संख्यामा पनि उल्लेख्य बृद्धि हुँदै गएको छ । भबिष्यमा यस बैंकको आवश्यकता हामी सहकारीकर्मीहरुलाई झन झन बढदै जाने विषयलाई मध्यनजर गरी बैंकलाई थप व्यवसायीक, पारदर्शी तथा चुस्त दुरुस्त बनाई अगाडि बढाउने प्रतिबद्धता प्रकट गर्दै आगामी बर्षका लागि बजेट तथा प्रगती प्रतिवेदन बुदाँगत रुपमा यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति मार्गदछु ।

१. **वित्तीय तथा कारोवारीक पक्ष :**

यस बैंकले विगत ५ वर्षको अन्तरालमा हासिल गरेका उपलब्धिहरुको मूल्याङ्कन गर्नका लागि यसका वित्तीय श्रोत र त्यसको उपयोग कुन प्रकारले भएको छ सोको मूल्याङ्कन गर्न आवश्यक हुन्छ । बैंकले जुटाउन सकेको श्रोत र त्यसको उपयोग निम्नवमोजिम प्रस्तुत गरेको छु ।

**बैंकको वित्तीय श्रोत**

क) **शेयर पूंजी तथा जगेडा कोष :**

यस बैंकको चुक्ता पूंजी आ.व. २०६०/२०६१ मा रू. ३ करोड ३७ लाखबाट वृद्धि हुँदै गई आ.व. २०६४/२०६५ मा रू. ६ करोड १५ लाख र जगेडा कोष रु ५५ लाख गरी जम्मा ६ करोड ७० लाख संकलन हुनसकेको छ । शेयर तथा निक्षेप वृद्धि कार्यक्रममा सहभागि भई थप प्रयास गरी दिनु हुन सबै सदस्य संघ/संस्थाहरुमा यसै सभा मार्फत विशेष अनुरोध गर्दछु । गत वर्षको अनुपातमा शेयर पूंजी तथा जगेडा कोषको रकम १९ प्रतिशत ले वृद्धि भएको छ । शेयर तथा निक्षेप बृद्धि कार्यक्रमबाट २०६५ पौष ९ गतेसम्म बृद्धि भएको शेयर पूंजी छुट्टै पानामा समावेश गरिएको छ ।

ख) **निक्षेप :**

निक्षेप वित्तीय संस्थाको मूख्य श्रोत हो । बैंकले सदस्य संघ/संस्था बाहेक संस्थागत तथा व्यक्तिगत निक्षेप संकलन गर्न नपाउनु, सदस्यको सहज पंहुच हुने गरी शाखा उपशाखा विस्तार हुननसक्नु, सदस्य संघ/संस्थाहरु आवाधिक निक्षेपमा रकम जम्मा गर्न उत्साहिक नहुनुबाट निक्षेप रकममा आशातित बृद्धि हुन सकेको छैन र गत वर्षको रु १७ करोड ६९ लाखको तुलनामा यस वर्ष रु ३० करोड ७१ लाख भई ७४ प्रतिशतले वृद्धि भएको छ । यस वर्ष शाखा तथा उपशाखाहरुको क्रमिक विस्तारबाट प्रस्ताव गरिएको निक्षेप पूर्णरुपले प्राप्त हुने कुरामा हामी विश्वस्त छौं ।

**ग) आम्दानी तथा खर्च :**

बैंकले आफ्नो सीमित श्रोत साधन परिचालन गरी गत वर्षको कूल संचालन आम्दानी रु १ करोड ५० लाख बाट रु २ करोड २९ लाख पुर्याई ५३ प्रतिशतले कूल आम्दानीमा वृद्धि गरेको छ । त्यसै गरी खर्चतर्फ गत वर्षको कूल संचालन खर्च रु ८५ लाख बाट बृद्धि भई १ करोड ६६ लाख पुगेको छ । संचालन मुनाफाका दृष्टिकोणले गत वर्षको मुनाफा रु ३५ लाखको तुलनामा यस वर्ष रु ६३ लाख भई ८० प्रतिशतले संचालन मुनाफामा बृद्धि भएको छ ।

**श्रोतको उपयोग :**

**क) कर्जा लगानी :**

बैंकले सीमित श्रोत अधिकतम परिचालन गरी गत वर्षको रकम रु १४ करोड ७७ लाखको तुलनामा यस वर्ष २७ करोड ५६ लाख लगानी भई कर्जामा ८७ प्रतिशतले वृद्धि गरेको छ । ग्रामिण क्षेत्रमा अवस्थित सदस्य संघ/संस्थामा विगत वर्षको तुलनामा गुणात्मक रुपले कर्जा प्रवाह गर्न हामी सफल हुदै गएका छौं । यस कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिइने कुरा अनुरोध गर्दछु ।

**ख) तरलता :**

बैंकमा गत वर्ष निक्षेपको ४९ प्रतिशत तरलता रहेकोमा यस वर्ष कम गरी तरलता रकम ३६ प्रतिशतमात्र रहन गएको छ । उक्त तरलतालाई विभिन्न बैंकहरुमा आकर्षक व्याज पाउने गरी व्यवस्थापन गरिएको छ । कुल निक्षेपको ९८ प्रतिशत रकम बचत खातामा जम्मा भएको कारण धेरै तरलता व्यवस्थापन गर्नुपरेकोले अधिकत्तम तरलता राख्नुपरेको व्यहोरा सदस्य महानुभावहरुलाई जानकारी गराउन चाहन्छु ।

**ग) लाभांश :**

बैंकले गत वर्ष ४ प्रतिशत लाभाशं वितरण गरिएकोमा यस वर्ष ६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरिएको तथा अगामी वर्ष ९ प्रतिशत लाभांश वितरण गर्ने यस बैंकको लक्ष्य रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु । यस वर्षको लक्ष्य प्राप्तिका लागि शाखा उपशाखाको थप संचालन, सहकारी निकायबाट सहयोग जस्ता लक्ष्य लिएको व्यहोरा समेत अनुरोध गर्दछु ।

**२) व्यवस्थापन पक्ष :**

**(क) मानव शंसाधन विकास :**

- बैंकको कारोवारलाई प्रतिस्पर्धी र अध्यावधिक बनाउदै सदस्य संघ/संस्थाहरुमा गुणस्तरीय सेवा पुर्याउने उद्देश्यले ४ जना नयाँ कर्मचारीहरु करारमा नियुक्ति गरिएको छ । बैंकले आफ्ना कर्मचारीहरुको योगदान तथा उच्चत्तम बैंकिङ्ग सेवा प्रदान गर्नसक्ने गरी क्षमता अभिबृद्धि तथा बृत्ति विकासको आवश्यकतालाई राम्ररी बुझेको छ । कर्मचारीहरुको तालिमका लागि गर्ने खर्चलाई बैंकले अति आवश्यक लगानीको रुपमा लिने नीति अनुरुप कार्यदक्षता र सीप विकाशका तालीमहरुमा सहभागी गराउँदै लगिएको छ ।
- देशभरीका सदस्य सहकारी संघ/संस्थाहरुको कारोवारलाई व्यवस्थित गर्न प्रवन्ध संचालक समेत १० जना सीमित कर्मचारीहरुबाट कुल खर्चको १० प्रतिशत मात्र कर्मचारीका लागि खर्च गरी बैंक संचालन गर्न सफल भएका छौं ।

**ख) भौतिक पूर्वाधारको अवस्था:**

बैंकले वित्तीय संस्थाहरुसंग सेवामा प्रतिस्पर्धा गर्न र नेपाल राष्ट्र बैंकसंग पूर्ण आवद्धताका लागि आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधारहरु निर्माण गर्ने सन्दर्भमा कायंकक्ष तथा कारोवारलाई व्यवस्थित गर्न आवश्यक महशुस गरी सोही भवनमा कोठा थप गरी हल निर्माण गरिएको छ । केन्द्रीय कार्यालयमा आधुनिक कम्पुटर सफ्टवेयर, आवश्यक कम्प्यूटर, नोट काउन्टीङ्ग मेसिन फर्निचर लगाएतका पूर्वाधार निर्माण गरिसकिएको छ । साथै सबै शाखा/उपशाखा कार्यालयहरुमा क्रमशः भौतिक संरचनाहरु व्यवस्थापन गर्दै लगिने र ABBS पद्दती अवलम्बन गरी कार्यपद्दतीलाई चुस्त बनाइने छ ।

यस बैंकको आ.व. ०६५/६६ मा लागु गरिने कार्यकमका लागि प्रक्षेपित कार्यक्रम तथा वजेट बुदाँगत रुपले तल उल्लेख गरेको छुँ ।

## आ.व. ०६५/६६ का लागि प्रस्तावित कार्यक्रम तथा वजेट

( रु ०००)

पूर्जी तथा दायित्व

| शिर्षक | आ. व. ०६४/६५ वास्तविक | २०६५/६६ को लागि प्रस्तावित | कारण |
|---|---|---|---|
| चुक्ता शेयर पूजिं | ६१,४६९ | १६२,५०० | शेयर वृद्धि कार्यक्रम लागु गरिएकोले सो अनुसार वृद्धि हुने । |
| जगेडा तथा बचत | ५,५१५ | २०,००० | यस वर्ष नाफा बृद्धि हुने भएकोले थप गरिएको । |
| कुल निक्षेप | ३०७,०५३ | १,१००,००० | शेयर तथा निक्षेप बृद्धि कार्यक्रम लागू गर्ने भएकोले वृद्धि गरिएको । |
| अन्य दायित्व | १६,२५१ | २२,००० | बचत खाताहरुमा दिनुपर्ने व्याज तथा बुझाउनुपर्ने कर रकमहरु बृद्धि हुन सक्ने भएकोले थप गरिएको । |
| कुल पूजिं तथा दायित्व | ३९०,२८८ | १,३०४,५०० | |

सम्पत्ती

| शिर्षक | आ. व. ०६४/६५ वास्तविक | २०६५/६६ को लागि प्रस्तावित | कारण |
|---|---|---|---|
| नगद तथा बैंक मौज्दात | ५३,०८२ | २२०,००० | अधिकांश निक्षेप बचत खातामा रहेकोले तरलता कायम राख्न । |
| शाखा तथा उपशाखा कार्यालय मौज्दात | ५७,४७५ | ५०,००० | शाखा तथा उपशाखा कार्यालयहरु थप हुने भएकोले बृद्धि गरिएको । |
| अन्य सम्पत्ती | ३,०१० | ५,५०० | कर्जाको असुल गर्नुपर्ने व्याज थप हुन सक्ने भएकोले । |
| कर्जा तथा सापट | २७५,५६० | १,०१९,००० | लभांशमा बृद्धि गर्नु परेकोले प्राप्त श्रोतलाई परिचालन गर्न बृद्धि गरिएको । |
| स्थिर सम्पत्ती | १,१६१ | १०,००० | बैंकको संजाल विस्तार गर्दा खरिद हुने सम्पत्ती थप हुदा बृद्धि गरिएको । |
| कुल सम्पत्ती | ३९०,२८८ | १,३०४,५०० | |

आम्दानी तर्फ

| शिर्षक | आ. व. ०६४/६५ वास्तविक | २०६५/६६ को लागि प्रस्तावित | कारण |
|---|---|---|---|
| कर्जाबाट व्याज | १३,५२० | ५५,००० | कर्जा लगानीमा बृद्धि हुनाले |
| बैंकबाट व्याज | ४,४४९ | ८,५०० | बैंक मौज्दात बृद्धि भएकोले |
| सेवा शुल्क | १,७९७ | ६,८५० | कर्जा लगानीमा बृद्धि हुनाले |
| प्रवेश शुल्क | १०६ | २५० | सदस्यता बृद्धि हुनाले |
| अन्य आम्दानी | १,०१० | १५,००० | रकमान्तर, बील कारोवार, अन्तर सहकारी भुत्तानी कारोवारबाट प्राप्त हुनें |
| **कुल आम्दानी** | **२०,८८२** | **८५,६००** | |

खर्च तर्फ

| शिर्षक | आ. व. ०६४/६५ वास्तविक | २०६५/६६ को लागि प्रस्तावित | कारण |
|---|---|---|---|
| व्याज खर्च | १०,२८२ | ४०,००० | निक्षेप बृद्धि हुने भएकोले बढ्धि गरिएको |
| कर्मचारी खर्च (अनुसुची क) | १,६७७ | ५,००० | शाखा तथा उपशाखा कार्यालयहरु थप हुने भएकोले बृद्धि गरिएको । |
| कार्यालय संचालन खच(अनुसुची ख) | ३,४८३ | ६,००० | शाखा तथा उपशाखा कार्यालयहरु थप हुने भएकोले बृद्धि गरिंको |
| प्रर्वद्धानात्मक तथा कार्यक्रम खर्च | २०२ | १,००० | शेयर तथा निक्षेप बृद्धि कार्यक्रमहरु संचालन गर्नुपर्ने र शाखा उपशाखा थप गर्नुपर्ने भएकोले बृद्धि गरिएको । |
| जोखिम व्यवस्था कोष खर्च | ९६२ | १५,६०० | कर्जा लगानीमा बृद्धि हुने भएकोले |
| **कुल खर्च** | **१६,६०६** | **६७,६००** | |

नाफा ( नोक्सान )

| विवरण | आ. व. ०६४/६५ वास्तविक | २०६५/६६ को लागि प्रस्तावित | |
|---|---|---|---|
| कुल आम्दानी | २०,८८२ | ८५,६०० | |
| कुल खर्च | १६,६०६ | ६७,६०० | |
| कर अगाडि नाफा ( नोक्सान ) | ४,२७६ | १८,००० | |

| शेयर सदस्य | | | |
|---|---|---|---|
| विवरण | आ. व. ०६४/६५ वास्तविक | २०६५/६६ को लागि प्रस्तावित | |
| सदस्य संख्या | १,४४० | २,००० | |

अनुसुची (क)

कर्मचारी खर्च

रु ०००

| शिर्षक | आ व ०६४/६५ वास्तविक | ०६५/६६ को लागि प्रस्तावित |
|---|---|---|
| तलब भत्ता | १,३७१ | ४,०८६ |
| संचयकोष | ४२ | १२५ |
| दशै खर्च | ९६ | २८६ |
| यातायात खर्च | १०३ | ३१० |
| पोसाक खर्च | ४५ | १३४ |
| विदाको रकम खर्च | ० | ० |
| उपदान व्यवस्था खर्च | २० | ६० |
| जम्मा | १,६७७ | ५,००० |

अनुसुची -ख)

कार्यालय संचालन खर्च

रु ०००

| शिर्षक | आ व ०६४/६५ वास्तविक | ०६५/६६ को लागि प्रस्तावित |
|---|---|---|
| घरभाडा | ३७२ | ८०० |
| विमा | ५२ | १०० |
| पानी बत्ति | ४३ | ८० |
| तार, टिकट, टेलिफोन | १३२ | ३०० |
| छपाई तथा मसलन्द | १५९ | ३०० |
| पत्रपत्रिका | १५ | ३० |
| विज्ञापन तथा प्रर्वद्धन | ९९ | १८० |
| सुरक्षा | ६७ | १२५ |
| दैनिक तथा भ्रमण खर्च | १८० | ३२५ |
| अतिथि सत्कार | १०३ | १८० |
| तालिम खर्च | ३६ | १५० |
| साधारण सभा खर्च | ५८१ | १,०७० |
| संचालक समिति खर्च | ७३२ | ८०० |
| अन्य समिति खर्च | १०६ | १५० |
| मर्मत संभार खर्च | ११७ | २०० |
| लेखापरिक्षण खर्च | २० | ४० |

| | | |
|---|---|---|
| नखप्ने सामान | ४७ | ८० |
| विविध खर्च | २२ | ४० |
| ह्रासकट्टी खर्च | ३६३ | ६५० |
| पूर्व संचालन तथा शाखा विस्तारअपलेखन खर्च | २३७ | ४०० |
| जम्मा | ३,४८३ | ६,००० |

**आदरणीय प्रतिनिधिज्यूहरु ,**

यस साधारण सभामा संचालक समितिको तर्फबाट पेश गरिएका प्रस्तावित कार्यक्रम तथा बजेट र प्रगती प्रतिवेदनहरु माथि आवश्यक छलफल गरी सुझाव सहित पारित गरिदिनु हुनका लागि अनुरोध गर्दछु । साथै यस बैंकमा विगत ५ बर्षदेखि प्रबन्धक संचालकको हैसियतले कार्य गर्ने मौका प्राप्त भएकोमा बैंक संचालन प्रकृयामा सहयोग गरी बैंकलाई यस अवस्थासम्म ल्याउनको लागि आ–आफ्नो स्थानबाट सहयोग पुऱ्याउनु हुने बैंकका संचालक समिति, सल्लाहकार समिति, लेखा समिति तथा उप–समितिहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ, केन्द्रीय संघहरु, जिल्ला संघहरु, प्रारम्भिक संस्थाहरु सहकारी आन्दोलनका सबै नेतृत्व वर्ग तथा सहकारी विज्ञ, लेखक, पत्रकारहरुका साथै मेरो टिमका सहयोगी कर्मचारी साथीहरु सबैलाई सम्मान तथा आदरका साथ धन्यवाद दिन चाहन्छु । यस बैंकको प्रगति तथा प्रर्वद्धनका लागि सबैको सकृय सहयोग तथा सुझाबहरु प्राप्त हुनेछ भन्ने पूर्ण विश्वासका साथ बिदा माग्दछु ।

धन्यवाद । जय सहकारी ॥

मिति : २०६५ पौष २० गते, आइतवार ।
स्थान : नेपाल प्रज्ञा–प्रतिष्ठान, कमलादी काठमाण्डौ ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको पाँचौ साधारणसभामा प्रस्तुत लेखा समितिको प्रतिवेदन

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथीज्यूहरु, बैंकका संचालकज्यूहरु, सल्लाहकारज्यूहरु, सदस्य संघ/संस्थाका प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरु, संचारकर्मी मित्रहरु साथै राष्ट्रिय सहकारी बैंकको पाँचौं वार्षिक साधारणसभालाई सफल पार्नपाल्नु हुने सम्पूर्ण महानुभावहरुमा यस बैंकको लेखा समितिको तर्फबाट हर्दिक अभिवादन गर्न चाहन्छु ।

बैंकको आज सम्पन्न हुन गइरहेको पाँचौं वार्षिक साधारणसभामा लेखा समितिले आ.ब. ०६४/६५ मा बैंकको गतिविधिहरु तथा लेखा सम्बन्धि नीतिगत विषयमा भए गरेका कार्यहरु तथा साधारणसभामा सूचित गर्नुपर्ने विषयहरु समेत संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु । बैंकले कारोवार गरेको पाँच आर्थिक वर्ष पूरा भएको छ । सहकारी संघ/संस्थाहरुसंगमात्र कारोवार गर्नुपर्ने वाध्यात्मक अवस्था कायमै छ । सदस्य संस्थाहरु देश भरि छरिएको अवस्थाको कारणले पनि बैंकिङ्ग कारोवारको लेखा राख्दा सानातिना त्रृटिहरु रहनु स्वभाविक हुन्छ । यसमा अध्यक्ष, प्रबन्ध संचालक र संचालक समितिसंग सोधनी तथा छलफल गरी व्यवस्थित लेखा राख्न सुझाव, सल्लाह दिने काम लेखा समितिले गर्दै आएको छ । यसरी लेखा हेर्ने काममा लेखा समितिको बैठक आर्थिक वर्ष ०६४/६५ मा ४ पटक बसेको र संयुक्त बैठकमा ३ पटक सहभागिता रहेको थियो भने चालु आ.ब. मा पनि ३ पटक एकल र २ पटक संयुक्त बैठक बसी आफ्नो काम कर्तव्यमा लगनशील रहेको कुरा स्मरण गराउदँछु ।

**सदस्य मित्रहरु**

बैंकको लेखा राख्ने क्रममा सम्पूर्ण लेखा प्रणाली कम्प्यूटरको माध्यमबाट हुने र दैनिक अभिलेख व्यवस्थित गरी राख्नुका साथै आवश्यक पर्ने खर्चका बिल भर्पाई (सपोर्टिङ्ग कागजात) दुरुस्त राखी सहायक खाताहरुको समेत व्यवस्था गरी अभिलेख राख्ने गरेको हुँदा भए गरेको कारोवार कुनै बेला हेर्न बुझ्न सकिने गरी पारदर्शी रहेको छ । दैनिक हिसाब व्यवस्थित राख्ने काममा बैंकका कर्मचारीहरु अत्यन्त मेहनत र सतर्कता पूर्वक खटेका साथै प्रबन्ध संचालक ज्यूले सन्तुलित प्रशासन चलाएको लेखा समितिले महशुस गरेको छ । लेखा समिति र संचालक समितिका संयुक्त बैठकमा दिइएका राय सुझाव र संचालक समितिलाई दिईएका लिखित सुझावहरुलाई संचालक समितिले तत्काल र क्रमशः लागु गर्दै गएको समेत लेखा समितिले महशुस गरको छ । यसै कारण बैंकले कानूनी बन्देज, साँगुरो कार्यक्षेत्र हुँदा-हुँदै पनि क्रमशः प्रगति गरेको कुरा पाचैं आर्थिक बर्षको कारोवारलाई तुलना गरी हेर्दा प्रष्ट हुन्छ । यसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

१ बैंकको वित्तीय कारोवार :

| शिर्षक/आ.ब. | २०६०र६१ | २०६१र६२ | २०६२र६३ | २०६३र६४ | २०६४र६५ |
|---|---|---|---|---|---|
| शेयर पूंजी | ३,३७,३१,१०० | ३,८७,१६,१०० | ४,४८,८७,१०० | ५३,७०,२१,०० | ६१४६९१०० |
| निक्षेप | | ५,६२,२७,११३ | ११,८६,३८,१३० | १७,६८,४७,८७० | ३०७०५२५१२ |
| कर्जा लगानी | | ५,८७,८९,४९४ | १३,६०,८३,८९१ | १४,७७,०९,३३६ | २७५५५९७३० |
| जगेडा कोष तथा अन्य कोष | | १०१३९ | ३६,५४७ | २६,२९,३४८ | ५५,१५,१३९ |
| खुद नाफा | | १०,१३८ | २६,४०८ | ३४,७४,४८२ | ६२,९४,७७० |
| कर भुक्तानी | | | | ७९९००० | १३१७२४४ |
| ब्याज कर | | १,४०,१८१ | ५,९७,९२५ | ८,५५,७७२ | १२८४१३२ |

| जोखिम कोष | | २,३२,०१२ | ५,९७,९२५ | १४१९४३० | २५९६७८९ |
|---|---|---|---|---|---|
| सदस्य संस्थाको संख्या | ६३७ | ७०० | १,०२८ | १२६६ | १४४० |
| शाखा तथा उपशाखा | | | | | १० |

२ आ.ब. २०६४/६५ को कारोवार तर्फमात्र गत साधारण सभाबाट पारित कार्यक्रम र अनुमानित आय व्ययको लक्ष्यमा पुग्न कति सफल भयौं भनी हेर्दा यस्तो देखिन्छ :-

| क्र.सं. | शिर्षक | अनुमानित | यथार्थ | प्रतिशत |
|---|---|---|---|---|
| १ | शेयर | ८,२५,००,००० | ६,१४,६९,१०० | ७४।५० |
| २ | निक्षेप | २१,५०,००,००० | ३०,७०,५२,५१२ | १४२ |
| ३ | कर्जा | २२,८३,००,००० | २७,५५,५९,७३० | १२० |
| ४ | आम्दानी | २,२३,५०,००० | २,२९,००,००० | १०२।४६ |
| ५ | खर्च | १,७६,८०,००० | १,६६,००,००० | ९३।८९ |
| ६ | संचालन मुनाफा | ४६,७०,००० | ६२,९४,७७० | १३४।८० |

**आदरणीय प्रतिनिधि मित्रहरु :**

माथिको तालिका बाटै प्रष्ट हुन्छ बैंकले शेयर पूंजी संकलनमा प्रस्तावित लक्षभन्दा केही कमीभएको देखिन्छ भने अन्य शीर्षकहरुमा लक्षभन्दा माथिको सफलता प्राप्त गरेको छ । मुनाफामा पनि लक्ष्य प्राप्त गरेको छ भने आम्दानी खर्च तर्फ लक्ष्यको सिमामा सन्तुलित र उत्साहप्रद नै छ ।

